# खिजीदेम्वा गाउँपालिका, खिजीफलाटे ओखलढुंगा
# कोशी  प्रदेश, नेपाल

## स्थानीय राजपत्र

भागः२ खण्डः ६ संख्याः १७ मितिः २०८१/०३/०५

कार्यपालिकाबाट जारी नियमावली निर्देशिका र कार्यविधिहरु नेपालको संविधानको धारा २२६ बमोजिम खिजीदेम्वा गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६

प्रमाणिकरण मितिः २०७६/१२/०१

पहिले संशोधन मितिः २०८१/०३/०५

**प्रस्तावना:**

खिजीदेम्वा गाउँपालिका ओखलढुगांको स्वामित्वमा रहेको व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन प्रकृयालाई नियमित तथा व्यवस्थित गर्न बान्छनीय भएकोले खिजीदेम्वा गाउँ कार्यपालिकाले यो कार्याविधि जारी गरेको छ।

१. **सक्षिप्त नाम प्रारम्भः (१)** यो निर्देशिकाको नाम "**खिजीदेम्वा गाउँपालिकाको व्याकहो लोडर सञ्चालन तया व्यवस्थापन कार्यविधि २०७६**" रहेको छ।

(२) यो कार्यविधि खिजीदेम्वा गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा:** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "कार्यविधि" भन्नाले खिजीदेम्वा गाउँपालिकाको व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्याविधि, २०७६ सम्झनु पर्दछ।

ख) "गाउँसभा" भन्नाले खिजीदेम्वा गाउँपालिकाको गाउँ सभा सम्झनु पर्दछ।

ग) "व्याकहो लोडर" भन्नाले खिजीदेम्वा गाउँपालिकाको स्वामित्वमा रहेको व्याकहो लोडर सम्झनु पदछ।

घ) "समिति" भन्नाले व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

ङ) "सचिव" भन्नाले प्रकरण ४ बमोजिमको समितिको सदस्य सचिव सम्झनु पर्दछ।

च) "उपभोक्ता समिति" भन्नाले खिजीदेम्वा गाउँपालिकाले गठन गरी योजना कार्यान्वयन गर्नसंलग्न उपभोक्ता समिति सम्झनु पर्दछ।

छ) "अन्य संस्था" भन्नाले नेपाल सरकारको कार्यालय, निजी क्षेत्र, नगरपालिका/ गाउँपलिका, गैर सहकारी संस्था शिक्षण संस्था वा यस्तै अन्य संस्था सम्झनु पर्दछ।

ज) "कार्य दिन" भन्नाले आठ घण्टाको समय सम्झनु पर्दछ।

झ) "कोष" भन्नाले व्याकहो लोडर सञ्चालन सम्बन्धी सम्पूर्ण कारोवार गर्न स्थापना गरिएको कोष सम्झनु पर्दछ।

**३.कार्यविधिको उद्देश्य :** (१) यस निर्देशिकाको उद्देश्यहरु देहाय वमोजिम हुनेछ:

(क) व्याकहो लोडर सञ्चालनवाट खिजीदेम्वा गाउँपालिकाको निर्माण कार्यमा मद्दत पुर्याउने।

(ख) व्यकहो लोडर सञ्चालन तथा व्यवस्थापनमा पारदर्शिता ल्याउने।

(ग) व्याकहो लोडरको अधिकतम उपयोग गरी त्यसको उत्पादकत्वलाई वृद्धि गर्ने।

(घ) व्याकहो लोडर मर्मत सम्भारमा मितव्ययिता कायम गर्ने।

(ङ) व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापनमा आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने।

**४. व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था**: १) यस कार्यविधिको उद्देश्य गाउँपालिकाको लागि देहाय बमोजिम व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ

क) गाउँपालिका अध्यक्षः संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतः सदस्य

ग) पूर्वाधार विकास समिति सयोजकः सदस्य

घ) पूर्वाधार शाखा प्रमुख वा निजले तोकेको प्राविधिक कर्मचारीः सदस्य

ङ) योजना शाखा प्रमुखः सदस्य सचिव

(२) समतिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउने छ र कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ।

**५. व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार:** यस

कार्यविधिको अधीनमा रही व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ :

क) व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापनको लागी वार्षिक बजेट (आय, व्याय) तर्जुमा गरि स्वीकृतीको लागि खिजीदेम्वा गाउँ कार्यपालिकामा सिफारिसका साथ पेश गर्ने।

ख) व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापनको लागि श्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने।

ग) व्याकहो लोडर उपयोगको लागि माग भएका निवेदनहरु उपर कारवाही यस कार्यविधिको अधीनमा रही स्वीकृत गर्ने।

घ) प्राप्त निवेदनहरुमध्ये आवश्यकता र प्राथमिकताको आधारमा व्याकहो लोडरको उपयोगको कार्ययोजना वनाई स्वीकृत गर्ने।

ङ) व्याकहो लोडरका आवश्यक उपकरणहरु (पार्टसहरु) मौज्दातमा राख्ने व्यवस्था मिलाउने।

च) व्याकहो लोडर चालु आवस्थामा राख्न आवश्यकता अनुसार नियमित मर्मत संभार तथा

जाँचको व्यवस्था मिलाउने ।

छ) आर्थिक दृष्टिकोणले व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापनमा आत्मनिर्भरता ल्याउने ।

ज) व्याकहो लोडर सञ्चालन वा उपयोग सम्बन्धी कामको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने र दुरुपयोग भएको देखिएमा त्यसलाई रोक्ने व्यवस्था मिलाउने ।

झ) व्याकहो लोडर सञ्चालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने ।

ञ) व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आइपर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने, गराउने ।

ट) यस कार्यविधिमा तोकिएका अन्य कामकुरा गर्ने, गराउने ।

**६.व्याकहो लोडर सञ्चालन सम्बन्धी नीति तथा प्राथमिकताः** (१) व्याकहो लोडर सञ्चालन

सम्वन्धी नीति देहाय बमोजिम हुनेछ:

क) व्याकहो लोडर उपयोग सामान्यतया खिजीदेम्वा गाउँपालिका भित्र सम्पादन गरिने सडकहरुको निर्माण, मर्मत तथा संभार आदि कार्यहरुको लागि गरिनेछ । तर, अन्य गाउँपालिका वा वडा कार्यालयहरुले माग गरेको खण्डमा दोश्रो प्राथमिकतामा उपलब्ध गराइनेछ ।

ख)व्याकहो लोडर सामान्यतया वडाको सिफारिसमा उपभोक्ता समिति, संस्था वा व्यक्तिलाई भाडामा उपलब्ध गराइनेछ। यदि कुनै अर्कै स्थानीय तहमा काम गर्ने माग भई आएमा सम्वन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालय वा वडा कार्यालयको सिफारीसमा भाडामा उपलब्ध गराउन सकिनेछ ।

२) व्याकहो लोडर सञ्चालन गर्दा देहायको योजनालाई प्राथमिकता दिइनेछ

क) खिजीदेम्वा गाउँपालिकाको श्रोत र साधनबाट सञ्चालन गरिने योजना ।

ख)अन्य संस्थाको श्रोतबाट सञ्चालन गरिने योजना

**७.व्याकहो लोडर माग तवा सञ्चालन गर्ने कार्यविधिः** (१) व्याकहो लोडर माग गर्ने उपभोक्ता समिति, निकाय वा संस्थाका अध्यक्षले देहायको विवरण संलग्न गरी अनुसूची १ को ढाँचामा निवेदन दिनु पर्नेछः

क)सम्बन्धित उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपि ।

ख) योजनाको सम्झौता पत्र नयाँ लागत अनुमानको प्रतिलिपि ।

ग) काम हुने सम्बन्धित वडा कार्यालयको सिफारीस ।

२) व्याकहो लोडर माग सम्बन्धी निवेदन समितिवाट स्वीकृत भएपछि सो को जानकारी उपभोक्ता वा सम्बन्धित सरकारी निकाय वा संस्थालाई दिईनेछ । यसरी जानकारी प्राप्त गरेपछि उपभोक्ता समिति निकाय वा संस्थाका अध्यक्ष वा अधिकार प्राप्त व्यक्तिले सम्झौता गर्न आउनु पर्नेछ ।

| क्र.स | क्षेत्र | समय | भाडा रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका भित्र | प्रति घण्टा | ११००/- | इन्धन वाहेक |
| २. | गाउँपालिका वाहिर | प्रति घण्टा | १५००।- | इन्धन वाहेक |

३) गाउँपालिकाबाट रकम व्यहोरिने गरी सम्पादन हुने योजनाका लागि गठित उपभोक्ता समितिले व्याकहो लोडर भाडामा लिँदा धरौटी राख्नु पर्ने छैन। तर अन्य उपभोक्ता समिति, व्यक्ति वा संस्थाले भाडामा लैजान चाहेमा सम्झौता बराबरको रकम यस कार्यालयको धरौटी खातामा जम्मा गर्नुपर्ने वा सो बराबरको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानत पेश गनु पर्नेछ ।

तर वजेट व्यवस्थापन नभएको सडक मर्मत सम्भार गर्न परेमा वा प्राकृतिक विपदबाट भएको भौतिक क्षति(पहिरो) व्यस्थापन गर्न परेमा इन्धनको आवश्यक व्यवस्था गाउँपालिकाले गर्नेछ ।

४) व्याकहो लोडर भाडामा लिँदा नगदको सट्टा सम्झौता अवधिको दोव्वर अवधि सम्मको जस्तै (सम्झौता अवधि १५ दिन भए १ महिना वरावरको) खिजीदेम्वा गाउपालिकाको नाममा बैंक ग्यारेन्टी समेत पेश गर्न सकिनेछ । बैंक ग्यारेन्टी पेश गर्दा भाडामा लिने अवधिको तोकिए बमोजिमको भाडा तथा तोकिए बमोजिमको धरौटी बापतको रकम बरावरको बैंक ग्यारेन्टी मात्र मान्य हुनेछ ।

५) कोष खातामा वा नगदै रकम जम्मा गरेपछि उपभोक्ता समितिका अध्यक्ष वा सम्बन्धित निकाय वा संस्थाका प्रमुखले अनुसूची २ बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गर्नुपर्नेछ। सम्झौता गरे पश्चात मात्र व्याकहो लोडर लैजानु पर्नेछ ।

६) व्याकहो लोडर सञ्चालन अवधिमा लाग्ने डिजल, मोविल, ग्रीज आदि ईन्धन खर्च व्याकहो लोडर योजना स्थलमा ल्याउने लैजाले समेत सम्बन्धित उपभोक्ता समिति वा संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

७) व्याकहो लोडर रहिरहेको स्थानबाट योजना स्थलसम्म व्याकहो लोडर ढुवानी गरि लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

८)उपभोत्ता समिति वा अन्य संस्था वा निकायले व्याकहो लोडर भाडामा लगेको अवस्थामा समितिको आपसी विवाद, स्थानीयको अवरोध जस्ता कारणले व्याकहो लोडर सञ्चालन हुन नसकी  त्यत्तिकै बसेमा पनि प्रति दिनको निम्न दरले भाडा लाग्नेछ ।

| क्र.स | क्षेत्र | समय | भाडा रकम रु. | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | गाउँपालिका भित्र | प्रति घण्टा | ५५०।- | |
| २. | गाउँपालिका वाहिर | प्रति घण्टा | ५५०।- | |

तर विवाद व्यवस्थापन गर्न २४ घण्टाको समयावधि उपलब्ध गाराईनेछ ।

९) व्याकहो लोडर सञ्चालन भएको प्रत्येक ५०० घण्टामा कार्यालय स्वयंले व्याकहो लोडर सर्भिसिङ गर्नेछ । म्याद थप नगरिकन सम्झौता भन्दा बडी अवधिसम्म अपरेटरले व्याकहो लोडर चलाएमा सोको जिम्मेवारी अपरेटरको हुनेछ। अटेर गरि सम्झौता विपरीत चलाएको अवधिको हकमा अपरेटरवाट असुल उपर गरी कारवाही गर्ने समेत सकिनेछ ।

(१०) व्याकहो लोडर सञ्चालन गरे वापत व्याकहो लोडर अपरेटर तथा हेल्परलाई निम्नानुसार प्रति घण्टाको हिसाबले गाउँपालिकाको कार्यालयले भत्ता उपलब्ध गराउनु पर्नेछ ।

| क्र.स | पद | अन्य प्रयोजन (उ.स, संस्था,व्यक्ति) प्रति घण्टा रु | कैफियत |
|---|---|---|---|
| *१. | अपरेटर | १००। | |
| २. | हेल्पर | ५०। | |

**८.व्याकहो लोडर लगबुक राख्नु पर्ने**: व्याकहो लोडर सञ्चालन गर्दा अनुसूची ३ को ढाँचामा लगवुक राख्नु व्याकहो लोडर अपरेटरको कर्तव्य हुनेछ। उक्त लगबुक सम्बन्धित उपभोक्ता समितिका पदाधिकारी वा निकाय वा संस्थाका प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ ।

**९.म्याद थप गर्न सक्ने :** (१) व्याकहो लोडर भाडामा लिएका उपभोक्ता समितिले आफुले मागेको कार्य दिन भन्दा थप कार्य दिनको लागि आवश्यक भएमा सो को कारण तथा औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगाबै म्याद थपको निवेदन दिनुपर्नेछ ।

(२) म्याद थपको लागि प्राप्त निबेदनमा समितिले छलफल गरि माग उचित तथा आवश्यक देखेमा आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

* पहिलो संशोधन

**१०.व्याकहो लोडर मर्मत सम्बन्धी व्यवस्था:** व्याकहो लोडर विग्रिएर मर्मत गर्नुपर्ने भएमा कुन कुन कुराको मर्मत सम्भार भर्नुपर्ने हो वा फेरवदल गर्नु पर्नेहो सो को विवरण सम्बन्धित अपरेटरले समिति समक्ष निवेदन दिनुपर्नेछ। अपरेटरबाट निवेदन प्राप्त भएपछि सदस्य सचिवले सम्बन्धित अनुभवी विशेषज्ञ प्राविधिकबाट मर्मत सम्भारको लागत अनुमान तयार गर्न लगाई प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ र प्रमुख प्रशासकीय अधिकृतले मर्मत तथा सम्भारको व्यवस्था मिलाउनु पर्नेछ।

**११.समितिको कोष तथा आर्थिक व्यवस्था :** (१) व्याकहो लोडर सम्बन्धी सम्पूर्ण आर्थिक कारोवार गर्न नेपाल सरकारबाट क वर्गको मान्यता प्राप्त बैंकमा खाता खोली एउटा कोष सञ्चालनमा ल्याइनेछ।

(२) समितिको कोषमा देहायका रकमहरु रहनेछन :

क) गाउँपालिकाबाट व्याकहो लोडर सञ्चालनको लागि प्राप्त रकम।

ख) व्याकहो लोडर माग गर्ने उपभोक्ता समिति वा संस्था वा निजी क्षेत्रबाट प्राप्त रकम।

ग) व्याकहो लोडरको काम नलाग्ने पार्टपुर्जा विक्री तथा लिलामीबाट प्राप्त रकम।

घ) अन्य रकम।

३) कोषको बैंक खाताको सञ्चालन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको संयुक्त दस्तखतबाट हुनेछ।

**१२.अन्य संस्थालाई व्याकहो लोडर भाडामा दिने सम्बन्धी व्यवस्था:** १) अन्य संस्थाले आफ्नो

कामको शिलशिलामा व्याकहो लोडर भाडामा लिन चाहेमा अनुसूची-१ बमोजिमको ढाँचामा देहायको विवरण संलग्न गरि निवेदन पेश गर्नु पर्नेछ।

क) प्रचलित कानुन बमोजिम दर्तावाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण पत्र।

ख) व्याकहो लोडर प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण।

ग) सरकारी योजना भए आयोजना वा ठेक्का स्वीकृत भएको पत्र तथा स्टीमेट र कार्यादेश।

घ) व्यक्तिगत प्रयोजनको लागि भए नगरीकताको प्रमाणपत्रको प्रतिलिपि सहित उद्देश्य खुलेको निवेदन।

(२) व्याकहो लोडर एवं अन्य हेवी मेशीनरी माग तथा सञ्चालनसँग सम्वन्धीत अन्य कुरा यस कार्यविधिको दफा ७,८ र ९ बमोजिम हुनेछ।

३) व्याकहो लोडर रहीरहेको स्थानवाट प्रस्थान गरेको मितिबाटै भाडा गणना हुनेछ।

**१३. व्याकहो लोडर सञ्चालनको सुपरिवेक्षण तथा अनुगमन :** (१) व्याकहो लोडर प्रयोग भइरहेको कार्यको सुपरिवेक्षण तथा अनुगमन समितिका संयोजक वा निजले तोकेको व्यक्तिले गर्नेछ।

२) व्याकहो लोडर सञ्चालनमा संलग्न कर्मचारीको रेखदेख तथा नियन्त्रण समितिका सदस्य सचिवले गर्नेछ।

**१४.रकम खर्च गर्न सकिने**: व्याकहो लोडर सञ्चालनबाट प्राप्त आम्दानी रकम यस कार्यविधि बमोजिम व्याकहो लोडर सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार र व्याकहो लोडर सञ्चालन अपरेटर

तथा हेल्परको तलव भत्ताका साथै विकास निर्माणका लागि खर्च गर्न सकिनेछ।

**१५. सम्पर्क शाखा:** योजना शाखाले व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ।

**१६. अधिकार प्रत्यायोजन**: यस निर्देशिका बमोजिम समितिलाई भएको केहि अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका सदस्य वा सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१७.कार्यविधि संशोधन :** समितिको सिफारिसमा यस कार्यविधिलाई खिजीदेम्वा गाउँपालिकाको बैठकले संशोधन गर्न सक्नेछ।

**१८.वीमा सम्बन्धी व्यवस्था**: व्याकहो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको विमा गाउँ कार्यपालिकाको कार्यालयले गर्नेछ।

**१९. खारेजी तथा बचाउ**: (१) यो कार्यविधि जारी हुनु अघि व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी भए गरेका काम कुराहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिनेछ।

**अनुसूची-१**

**(कार्यविधिको दफा ७ को उपदफा (१) संग सम्बन्धित )**

**व्याकहोलोडर प्रयोग गर्ने सम्बन्धी निबेदनको ढाँचा**

श्रीमान् सदस्य सचिव ज्यू ,
व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समिति,
खिजीदेम्वा गाउंपालिकाको कार्यालय, खिजीफलाटे ।

विषय : व्याकहो लोडर भाडामा उपलब्ध गराइदिने बारे ।

महोदय,

उपरोक्त विषयमा यो निवेदन गर्दछु कि देहायको योजना / कामको लागी त्यस कार्यालयको व्यकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम व्याकहो लोडर भाडामा उपलव्ध गराई दिनुहुन अनुरोध छ ।

१. उपभोक्ता समिति/ संस्था/ व्यक्तिको नामः

२. उपयोग गर्ने आयोजनाको नामः

३. योजनाको कुल लागत

३.१. नागत व्यहोर्ने श्रोत तथा रकम

३.१.१

३.१.२

३.१.३

३.१.४

जम्मा:

४.योजना काम सम्पादन हुने स्थानः

४.१.गाउँपालिकाको नामः

४.२.वडा नः

४.३.स्थानः

निवेदक

दस्तखतः

नाम, थरः

पदः

छाप :

मितिः

संलग्न कागजातः

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी ।

ख)योजनाको सम्झौता पत्र तथा लागत अनुमान वा कार्यदेशको प्रतिलिपी ।

ग)काम हुने सम्वन्धित स्थानीय तह / वडा कार्यालयको सिफारिस ।

अनुसूचि-२

कार्यविधिको दफा ७ को उपदफा (४) संग सम्बन्धित)

व्याकहो लोडर सञ्चालन सम्झौता पत्र

खिजीदेम्वा गाउँकार्यपालिकाको कार्यालय यस पछि पहिलो पक्ष भनिएको र योजना / काम सम्पादन गर्ने उपभोक्ता ममूह / व्यक्ति संस्था (यम पछि दोश्रो पक्ष भनिएको) का बीच यस कार्यालयको व्याकहो लोडर देहायको सर्त तथा बन्देजको अधिनमा रही भाडामा सञ्चालन गर्न गराउन यो सम्झौता गरिएको छ।

१. आयोजनाको विवरणः

१.२ आयोजनाको विवरणः

१.२.१ आयोजनाको स्थलः

१.२.२ गाउँपालिकाको नामः

१.२.३ वडा नः

१.२.४ स्थानः

२.व्यहोर्ने श्रोत तथा रकमः

२.१

२.२

२.३

जम्माः

जनाको नामः

३. व्याकहो लोडर सञ्चालन समितिबाट स्वीकृत भएको मिति :

४. व्याकहो लोडर सञ्चालन गर्ने विवरण :

४.१ व्याकहो लोडर सञ्चालन गर्ने कार्य दिन :

४.२ व्याकहो लोडर सञ्चालन कार्य अवधिः मिति....................देखि ....................सम्म

५. व्याकहो लोडर सञ्चालनका लागि प्राप्त धरौटी रकम रु. ..................... मितिः

६. सम्झौतापत्रका शर्तहरु :

६.१ दोस्रो पक्षले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि व्याकहो लोडर उपयोग गर्नु पर्नेछ।

६.२ व्याकहो लोडर र यसमा संलग्न अपरेटर र हेल्परको सुरक्षा र खाना वस्नको प्रवन्ध दोश्रो पक्षले गर्नु पर्नेछ।

६.३ व्याकहोलोडर सञ्चालनको लागि आवश्यक ईन्धनको व्यवस्था सम्बन्धित दोश्रो पक्षले गर्नुपर्नेछ

६.४ गाउँपालिकाको कार्यालय वा व्याकहो लोडर रहेको स्थानवाट योजना स्थलसम्म ढुवानी गरी लग्न परेमा सो वापत लाग्ने ढुवानी खर्च दोश्रो पक्षले व्यहोर्नु पर्नेछ।

६.५ व्याकहो लोडर अपरेटरले सञ्चालन गर्दा भरेको लगबुकमा दोश्रो पक्ष समेतले प्रमाणित गर्नुपर्नेछ ।

६.६ व्याकहो लोडर संचलान वा उपयोग सम्बन्धी कार्यको अनुगमन तथा सुपरिवेक्षण समिति वा  सचिवले गराउन सक्नेछ ।

६.७ व्याकहो लोडर सञ्चालन दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई सञ्चालन गन सक्ने स्थिति नभएमा वा व्याकहो लोडर सञ्चालनमा संलग्न कर्मचारीको सुरक्षा बारे कुनै समस्या देखिएमा व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन समिति वा सदस्य सचिवले तत्काल व्याकहो लोडर फिर्ता बोलाउन सक्नेछ। यस्तो अवस्थामा सम्वन्धित उपभोक्ता समिति वा संस्थाले समेत व्याकहो लोडर फिर्ता गराउनु पर्नेछ ।

६.८ पहिलो र दोश्रो पक्षवीच विवाद भएमा पहिलो पक्षले जुनसुकै वेला व्याकहो लोडर फिर्ता बोलाउन भक्नेछ ।

६.९ यान्त्रिक कारण वा भवितव्य परी कावु बाहिरको परिस्थितिमा डोजर तथा हेभी मेशिनरी नचलेमा अपरेटर तथा सम्बन्धित उपभोक्ता समिति वा संस्था वा फर्मले प्रमाणित गरि तत्कालै कायर्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ ।

६.१० अन्य कुराको हकमा व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम हुनेछ ।

६.११ दोश्रो पक्षले ब्याकहो लोडर भाडामा लगेको समयमा उनीहरुबीचको आपसी विवाद, स्थानीयको अवरोधका कारण व्याकहो लोडर सञ्चालन हुन नसकी त्यसै बसेमा २४ घण्टा विवाद व्यवस्थापनको समयावधि समाप्त भएपछि दोश्रो पक्षले प्रति घण्टा रु. ५५० का दरले जरिवाना तिर्नु पर्नेछ ।

६.१२ व्याकहो लोडर प्रयोग गरे बापत दोश्रो पक्षले पहिलो पक्षलाई प्रति घण्टा रु ११०० का दरले भाडा उपलव्ध गराउने छ। तर, इन्धनको व्यवस्था दोश्रो पक्ष स्वयंले गर्नुपर्नेछ ।

६.१३ कामको प्रकृति र आवश्यकता हेरी कुनै आकस्मिक काम, प्राकृतिक प्रकोप तथा विपदको अवस्था परी पहिलो पक्षले व्याकहो लोडर फिर्ता माग गरेमा दोश्रो पक्षले तत्काल फिर्ता पठाउनु पर्नेछ ।

उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं ।

व्याकहो लोडर सचालन तथा व्यवस्थापन समितिको तर्फबाटः

नामः

पद सदस्य सचिव

हस्ताक्षरः

कायर्यालयको छाप

मिति

उपाभोक्ता समिति वा संस्थाको तर्फबाटः

नामः

दर्जाः

हस्ताक्षरः

संस्था वा उपभोत्ता समितिको छाप

मिति

साक्षीः

१.

२.

# अनुसूचि -३
## कार्यविधिको दफा ८ सँग सम्बन्धित
## खिजीदेम्वा गाएपालिका, खिजीफलाटे
## व्याकहो लोडर प्रयोग सम्बन्धी लगबुक

योजनाका नामः

उपभोक्ता समिति वा सस्थाको नाम:

आयोजना स्थल (गाउँपालिका वडा समेत ):

सम्झौता अवधिः मिति ....................देखि ........................सम्म

| क्र.स | प्रयोग भएको समय मिति | समय | | | ईन्धन तथा अन्य लुब्रिकेन्ट खपत विवरण | | | | सम्झौता अवधिमा प्रयोग हुन नसकेको भए प्रयोग हुन नसक्नुको कारण | अपरेटरको दस्तखत | उ.भो.स वा संस्थाको पदाधिकारीको दस्तखत | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजल | मोविल | ग्रिज | अन्य | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आज्ञाले
रमेश सुनुवार
प्रमुख प्रशासकीय अधिकृत